# स्थानीय राजपत्र

ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ७ | संख्या १३ | मिति: २०८०/१२/२८ |
|---|---|---|


**भाग २**

**ककनी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या १३

# उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

प्रस्तावनाः

ककनी गाउँपालिकामा लक्षित वर्ग तर्फ महिला तथा बालबालिकाहरुका लागि सञ्चालन गरिने कार्यक्रमहरुलाई व्यवस्थित एवम् प्रभावकारी ढंगले सञ्चालन गर्न निर्देशिका बनाई कार्यान्वय गर्न बाञ्छनीय देखिएकोले ककनी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ४ ले

दिएको अधिकार प्रयोग गरी ककनी गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका ककनी गाउँ कार्यपालिकाबाट पारित भएका मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "कार्यक्रम" भन्नाले उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले ककनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "गाउँसभा" भन्नाले ककनी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले ककनी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ककनी गाउँ कार्यपालिकाको कार्यालय प्रमुख लाई सम्झनु पर्दछ।

ज) "सञ्चालक समिति" भन्नाले दफा ५ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ।

(ज) "लैङ्गिक हिसा" भन्नाले कार्यास्थल, सार्वजनिक स्थल लगायत घरपरिवारमा हुने यौनजन्य दुर्व्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्यः**

(क) ककनी गाउँपालिकाभित्र रहेका महिलाहरुको वैचारिक, राजनैतिक, सामाजिक क्षमता अभिवृद्धि गर्दै आर्थिक रुपमा सबल र सक्षम बनाउन उद्यमशिलताको विकास गर्ने ।

(ख) लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीतिहरुको अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने ।

(ग) हिंसा पीडित तथा प्रभावितहरुका लागि राहत, उद्दार र पुनःस्र्थापना सेवा उपलब्ध गराउने ।

(घ) बालबालिकाको संविधान प्रदत्त अधिकारको प्रत्याभूति गराउँदै स्थानीय तहमा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चितता प्रदान गर्ने ।

(ङ) बालमैत्री शासनको अवधारणालाई अवलम्बन गर्दै बालमैत्री गाउँपालिका निर्माण प्रकृयामा गाउँ कार्यपालिकालाई आवश्यक सहयोग र समन्वय गर्ने ।

४. **कार्यक्रमको क्षेत्रः** प्रस्तावनाको उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधार भुत कार्यक्रमका क्षेत्र तोकिएका छन् ।

(क) सचेतनामूलक कार्यक्रमहरु

(ख) सीपमूलक तालिमहरु

(ग) आयमूलक कार्यक्रमहरु

(घ) हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु

(ङ) सशक्तिकरणका कार्यकमहरु

(च) पुनस्र्थापना सम्बन्धी कार्यक्रमहरु

(छ) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु

५. **सञ्चालक समिति गठन सम्बन्धी व्यवस्थाः** सञ्चालक समितिमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन् ।

(क) गाउँपालिका उपाध्यक्ष संयोजक

(ख) सामाजिक विकास समिति संयोजक सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका महिला सदस्य २ जना सदस्य

(ङ) गाउँपालिका स्तरीय महिला सञ्जाल अध्यक्ष सदस्य

(च) गाउँपालिका स्तरीय बाल सञ्जाल अध्यक्ष सदस्य

(छ) सञ्चालक समितिले तोकेको महिला तथा बालबालिकाको क्षेत्रमा काम गरेको स्थानिय गैर सरकारी संघ/संस्थाको प्रतिनिधि १ जना सदस्य

(ज) महिला बालबालिका तथा तथा ज्येष्ठ नागरिक ईकाई प्रमुख सदस्य सचिव

माथि जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विषयमा आवश्यक छलफल गर्नुपर्ने आवश्यकता देखिएमा बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

६. **संचालक समितिको काम कर्तव्य र अधिकारः** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको आवश्यक नीति, योजना, बजेट तथा कार्यकम तर्जुमा गर्न गाउँ कार्यपालिकालाई सुझाव प्रदान गर्ने।

(ख) स्वीकृत भएको नीति योजना तथा कार्यकम कार्यान्वयन गर्ने गराउने।

(ग) सीप विकासका कार्यक्रमहरुको संचालन गरी सहि सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने।

(घ) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने।

(ङ) लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्जालन गर्ने।

(च) बालालिकाको अधिकारको प्रत्याभूति गराउदै स्थानीय तहमा बालबालिकाको अर्थपूर्ण सहभागीताको सुनिश्चितता प्रदान गर्ने।

(छ) कार्यक्रमको उद्देश्य अनुरुप कार्य गर्ने ।

७. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **कार्यक्रम कार्यान्वयन गर्ने इकाई** : उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम गाउँपालिकामा रहेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाईद्वारा सञ्चालन गरिनेछ ।

९. **कोष सम्बन्धी व्यवस्थाः–** यस निर्देशिकामा उल्लिखित क्रियाकलापको कार्यान्वयन गाउँपालिकाको वार्षिक बजेटबाट सञ्चालन गरिनेछ ।

१०. **बाधा अड्काउ फुकाउने व्यवस्थाः** यस कार्यक्रम कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

११. **संशोधन सम्बन्धी व्यवस्थाः** यस निर्देशिका संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

१२. **प्रचलित कानुन बमोजिमः** यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै निर्देशिका बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. **बचाऊ** : यस अघि सञ्चालन गरिएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित सबै कार्यक्रमहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

**प्रमाणीकरण मितिः २०८०/१२/२८**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**